मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ४० ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ पुस १० गते बिहीवार (Thursday, December 26. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

'खुलेर बोलौं विभेद रोकौं'
'महिला हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गरौं'
'दमनको प्रतिवाद गरी महिला हिंसा अन्त्य गरौं'

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# धुलावारीमा तेस्रो अन्तर्राष्ट्रिय महोत्सव शुरु




**झापा, पुस ९।** झापाको मेचीनगरमा बुधबारदेखि तेस्रो अन्तर्राष्ट्रिय औद्योगिक व्यापार कृषि तथा पर्यटन महोत्सव शुरु भएको छ ।

पर्यटन वर्ष २०२० शुभारम्भको पूर्वसन्ध्यामा मेची उद्योग वाणिज्य संघको आयोजनामा मेचीनगरको धुलाबारीमा एक समारोहका बीच प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले महोत्सवको उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री राईले निजी क्षेत्रसंग हातेमालो गर्दै अघि बढ्न प्रदेश सरकार तयार रहेको उल्लेख गरे । उनले प्रदेश-१ सबै क्षेत्रको सम्भावना बोकेको क्षेत्र रहेको उल्लेख गर्दै पर्यटन वर्ष सफल बनाउन सबै लाग्नुपर्ने धारणा व्यक्त गरे ।

मुख्यमन्त्री राईले सुखी नेपाली, समृद्ध नेपालको सपना साकार पार्न अन्तर्राष्ट्रियस्तरको औद्योगिक व्यापारिक महोत्सवहरुले निकै ठूलो सहयोग पुऱ्याउने बताए । भ्रमण वर्षको पूर्वसन्ध्यामा महोत्सव आयोजना गरेर विदेशी पर्यटक भित्र्याउन मेची उद्योग वाणिज्य संघले आधारशीला तयार गरेको भन्दै उनले संघको प्रशंसा गरे ।

पुस १७ गतेसम्म सञ्चालन हुने महोत्सवमा देशीविदेशी खाद्यान्न, लत्ताकपडालगायतका वस्तु तथा सेवा प्राप्त गर्नसक्ने आयोजकले जनाएको छ । महोत्सवमा विभिन्न खाले वस्तु तथा सेवाका दुई सय १० स्टल रहेका छन् । तीमध्ये १४ वटा बंगलादेशी, ५ वटा भारत र दुईवटा पाकिस्तानको स्टल रहेको महोत्सवको स्टल संयोजक राजुकुमार पोद्दारले जानकारी दिए । यसका साथै मनोरञ्जनतर्फ रोटेपिङ, चाकाचुलीलयातका खेल रहेका छन् भने दैनिक राष्ट्रियस्तरका कलाकारको प्रस्तुति रहने बताइएको छ ।

महोत्सवमा नेपालको उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्द्धन कसरी गर्न सकिन्छ भन्ने सन्दर्भमा आर्थिक क्षेत्रसँग सम्बन्धित अन्तरक्रिया, संभाषण, प्यानल डिस्कसन, विदेशी उद्योगी व्यापारीहरुसँग छलफलका कार्यक्रम पनि समावेश गरिएको महोत्सव आयोजक समितिका संयोजक भूमि पौडेलले जानकारी दिए ।

महोत्सवमा हेलिकोप्टर मुख्य आकर्षणको रुपमा रहेको छ । इच्छुकले हेलिकोप्टरबाट महोत्सव परिसरलगायत झापाको दृश्यावलोकन गर्न सक्नेछन् भने ताप्लेजुङको पाथीभरा दर्शन गर्नसक्ने जनाइएको छ । त्यस्तै महोत्सवमा नेपालका प्रख्यात कृषि उपजहरुको पनि स्टल राखिएको छ । कर्णाली अञ्चलको जुम्लाको मार्सी चामलदेखि इलामको हिमाली क्षेत्र जौबारीमा यसैवर्षदेखि उत्पादन शुरु भएको बहुमूल्य वनस्पति केसरको स्टल रहेको आयोजकले जनाएको छ ।

उद्घाटन समारोहमा प्रदेशसभा सदस्यहरु गोपाल बुढाथोकी, राधा थापा, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा मेला महोत्सव समितिका संयोजक दिलसुन्दर श्रेष्ठ, महासंघका प्रदेश नं. १का अध्यक्ष नरेन्द्रकुमार खड्का, नेपाली कांग्रेस झापा उपसभापति राम कट्टेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

महोत्सवको उद्घाटन हुँदै गर्दा आकाशमा हेलिकोप्टरबाट पुष्पवर्षा गरिएको थियो । संघका अध्यक्ष ऋषिराज तिम्सिनाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव ध्रुव कनालले गरेका थिए ।

## 'प्रदेशकै नमूना नगर बिर्तामोड'

**झापा, पुस ९।** प्रदेश नम्वर १का मुख्यमन्त्री शेरधन राईले बिर्तामोड नगरपालिका प्रदेश नम्वर १ कै नमूना नगरपालिका रहेको दावी गरेका छन् ।

झापाको बिर्तामोडस्थित 'हेवन वाटर पार्क' को बुधवार उद्घाटन गर्दै उनले अर्ग्यानिक अवधारणाका साथ अघि बढेको यो नगरपालिका अरु स्थानीय तहका लागि समेत प्रेरणाको श्रोत बन्ने भन्दै प्रदेशकै नमूना नगरपालिका भएको दावी गरे ।

झण्डै २२ करोड रुपैयाँको लागतमा बिर्तामोड नगरपालिका प्रमुख समेत रहेका ध्रुवकुमार शिवाकोटीले सञ्चालनमा ल्याएको पार्कले पूर्वको पर्यटकीय विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको भनाइ थियो । पर्यटन क्षेत्रको विकासका लागि यसखाले पार्कको निर्माणले पनि ठूलो महत्व राख्ने भन्दै मुख्यमन्त्री राईले भएका पर्यटकीय क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नु आजको आवश्यकता रहेको बताए ।

पार्कका अध्यक्ष शिवाकोटीको अध्यक्षतामा भएको कार्यक्रममा प्रवन्ध निर्देशक नेपालरत्न शिवाकोटीले स्वागत गरेका थिए । कार्यक्रममा संघीय सांसद पवित्रा निरौला खरेल, संविधानसभा सदस्य सुधीरकुमार शिवाकोटी, नरेश खरेल लगायतले बोलेका थिए ।

यसैबीच जिल्ला प्रहरी कार्यालय झापामा रहँदा

*(बाँकी अन्तिम पृष्ठमा)*

# फागुन र चैतमा झापामा तीन फुटबल प्रतियोगिता

**बिर्तामोड, पुस ९।** मोफसलमा सर्वाधिक चर्चामा रहेको झापा गोल्डकपसहित तीनवटा ठूला प्रतियोगिता झापामा आगामी फागुन र चैत महिनामा हुने भएका छन् ।

हरेक वर्ष झापाको डोमालाल राजवंशी रंगशालामा आयोजना हुँदै आएको झापा गोल्डकपको पाँचौं संस्करण आगामी फागुन १५देखि २४ गतेभित्र हुने अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार सार्वजनिक गरेको खेल तालिकामा उल्लेख छ ।

गोल्डकपको चौथो संस्करणसम्म आइपुग्दा कुनै पनि दिन प्यारापिट खाली नभएको झापा गोल्डकपमा यस पटक पनि दर्शकको उत्तिकै चासो रहेको छ । झापा गोल्डकपको कारण मोफसलको फुटबलमा धेरै दर्शक बटुल्ने खेलमैदानको रुपमा देशभर चिनिएको डोमलाल राजवंशी रंगशालामा घरेलु टोली सहभागी भएका समयमा दर्शकको भीड उच्च रहने गरेको छ । फागुन १देखि १० गतेसम्म झापामा सताक्षी गोल्डकप प्रतियोगिता हुने छ । शिवसताक्षी नगरपालिकास्थित झिलझिलेमा हुने प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्लबहरुले सहभागिता जनाउँदै आएका छन् ।

उता चैत १७देखि वैशाख ६ गतेसम्म झापाकै मेचीनगरमा मेचीनगर गोल्डकप सञ्चालन गरिने छ । एन्फाको तालिका अनुसार झापा फागुन र चैत महिना फुटबल खेलको महिना जस्तै हुने छ । झापाका तीन वटै प्रतियोगितामा उपाधिको बलियो प्रतिस्पर्धीको रुपमा रहेको आर्मी क्लवलाई सबैले चासोका साथ हेरेका छन् ।

एन्फाले आगामी फागुन र चैतका लागि मंगलबार मोफसलमा २५ वटा प्रतियोगिता सञ्चालन गर्ने तालिका सार्वजनिक गरेको हो । सुनसरीमा चार, झापामा तीन तथा पोखरा, मकवानपुर, चितवन र धनगढीमा दुई/दुई प्रतियोगिता हुनेछ । यस्तै बुटवल, इलाम, बाग्लुङ, सर्लाही, वीरगञ्ज, नेपालगञ्ज, सिमरा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र काठमाडौंमा एक/एक वटा प्रतियोगिता हुने एन्फाले जनाएको छ ।

तालिका अनुसार फागुन १ देखि १० गतेसम्म पोखरामा मनकामना गोल्डकप, झापामा सताक्षी गोल्डकप र मकवानपुरमा वाग्मती गोल्डकप आयोजना हुनेछ । फागुन १५देखि २४ गतेसम्म झापा गोल्डकप, माईभ्याली गोल्डकप र बाग्लुङमा मेयर कप आयोजना गरिनेछ । यस्तै फागुन २२देखि चैत १ गतेसम्म पोखरामा आहा रारा गोल्डकप, सर्लाहीमा राजर्षि गोल्डकप र वीरगञ्जमा विशाल मेमोरियल गोल्डकप सञ्चालन हुनेछ ।

फागुन २९ देखि चैत ८ गतेसम्म मकवानपुरमा मकवानपुर गोल्डकप, सुनसरीमा दुहवी गोल्डकप, धनगढीमा तेस्रो सुदूरपश्चिम गौरी-गङ्गा गोल्डकप, चैत १३देखि २२ गतेसम्म सिन्धुपाल्चोकमा सिन्धु गोल्डकप, काभ्रे गोल्डकप र सुनसरीमा भरत गोल्डकप आयोजना गरिने एन्फाले जनाएको छ ।

यस्तै फागुन ८देखि १७ गतेसम्म बुटवलमा तिलोत्तमा गोल्डकप, धरानमा बूढासुब्बा गोल्डकप, फागुन २४ देखि चैत ३ गतेसम्ममा नेपालगञ्ज गोल्डकप, चितवनमा भरतपुर गोल्डकप तथा चैत ६देखि १५ गतेसम्म सिमरा गोल्डकप र सुनसरीमा मदन भण्डारी गोल्डकप आयोजना गरिनेछ । यसैगरी एन्फाले फागुन ५देखि १५ गतेसम्म चितवनमा राइनो गोल्डकप, फागुन ११देखि २२ गतेसम्म धनगढीमा खप्तड गोल्डकप, चैत २० देखि २९ गतेसम्म एन्फा नकआउट प्रतियोगिता र चैत १७देखि वैशाख ६ गतेसम्म झापामा मेचीनगर गोल्डकप सञ्चालन गरिनेछ । मोफसलमा चर्चामा रहने तीन वटा प्रतियोगिता झापामा नै हुने गरे पनि झापाको खेलको विकासका लागि सरकारले चासो नदिएको आरोप लाग्दै आएको छ ।

यसैबीच झापा-११ का अध्यक्ष जलकुमार गुरुङले एन्फाले सार्वजनिक गरेको समयमा नै खेल हुन नसक्ने बताएका छन् । उनले खेल तालिका केही परिमार्जन हुन सक्ने बताए । झापा गोल्डकप र माईभ्याली गोल्डकपको समय तालिका एउटै भएकाले केही परिमार्जन हुन सक्ने अध्यक्ष गुरुङको भनाइ छ ।

# 'सासु' कोषमा श्रमिक नसमेटेको आरोप

**अमित खम्बू**

**अर्जुनधारा, पुस ९।** निर्माण सम्बद्ध श्रमिक संघ काउन नेपालका केन्द्रीय अध्यक्ष झपटबहादुर गुरुङले श्रमिकहरुलाई लक्षित गरी सरकारले शुरु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा असंगठित क्षेत्रका श्रमिकहरुलाई समेट्न नसकेको आरोप लगाएका छन् ।

निर्माण तथा वन क्षेत्रमा काम गर्ने संस्था(बीडब्लुआई)को आयोजनामा संस्थामा आवद्ध निर्माण क्षेत्रका तीन वटा युनियनसँग बुधबार झापाको बिर्तामोडमा सम्पन्न त्रिपक्षीय बैठकमा बोल्दै अध्यक्ष गुरुङले यस्तो आरोप लगाएका हुन् ।

त्यसैगरी कार्यक्रमका अर्का सहभागी क्यूपेक नेपालका केन्द्रीय उपमहासचिव अम्बिरकुमार लिङ्देनले सरकारले आगामी दिनमा असंगठित क्षेत्रका श्रमिकहरुलाई समेत समावेश गर्नुपर्ने र नगरुञ्जेल श्रमिक सञ्चालन समिति गठन गरी समितिमार्फत सूचीकृत गरी सात लाख रुपैयाँ बराबरको बिमा, एक लाख बराबरको औषधि उपचारसँगै सबै प्रकारका समस्या समाधान गर्न श्रमिक डेस्क र श्रमिक हित कोष सञ्चालन हुनुपर्ने बताए ।

निर्माण क्षेत्रको मुद्दामा आधारित उक्त बैठकको मुख्य उद्देश्य निर्माण क्षेत्रमा सामाजिक सुरक्षाको आवश्यकता र महत्वको विषयमा काउन नेपालसँगै नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर युनियन(क्युपेक) र अखिल नेपाल श्रमिक संघ(अंकु)मा आवद्ध श्रमिकहरुलाई जानकारी गराउनु रहेको बीडब्लुआईका सचिव समेत रहेका अध्यक्ष गुरुङले बताए ।

सोही बैठकमा निर्माण क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गर्न बीडब्लुआई आवद्ध समिति नेपालबाट तयार पारिएको १० वटा बुँदा उल्लेख भएको प्रतिवेदनमाथि व्यापक छलफल भएको क्युपेक नेपाल झापाका अध्यक्ष देवकुमार राईले जानकारी दिए ।

उक्त बुँदाहरुमा नेपाल सरकारबाट मान्यताप्राप्त निर्माण व्यवसायी कम्पनीहरुलाई सामाजिक सुरक्षामा सूचीकृत गरी उनीहरुसँग काम गर्ने श्रमिकहरुको समेत योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गराउनुपर्ने, सरकारी मान्यता नपाएका स्वरोजगारहरुको मातहत काम गर्ने श्रमिकहरुको लागि नेपाल सरकारले निश्चित रकम (प्याकेजमा) योगदान गर्न निर्देशन दिनुपर्ने, सरकारले निर्माण स्वरोजगारहरुको लागि काम लिने निश्चित मापदण्ड बनाउनुपर्ने र उनीहरुलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षामा समेट्नुपर्ने, भवन निर्माणको नक्सा पास गर्दा नै सामाजिक सुरक्षा कर लगाई योगदान गराउनुपर्ने, नेपाल सरकारको तर्फबाट निर्माण हुने संरचनाहरुमा समेत सामाजिक सुरक्षा कोषका लागि करकट्टी गरी सामाजिक सुरक्षा कोषमा रकम जम्मा गराउनुपर्ने रहेको छ ।

त्यस्तै अन्य बुँदाहरुमा निर्माण क्षेत्रका गिटी, बालुवा, इँटाभट्टा, क्रसर उद्योगमा काम गर्ने श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत गराउन नेपाल सरकारले विशेष प्याकेजको घोषणा गराउनुपर्ने, वन श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षामा समेट्न सामुदायिक वन उपभोक्ता समितिहरुलाई सरकारले तत्काल निर्देशन गरी योगदान गर्न लगाउनुपर्ने, निर्माण श्रमिकहरुको तथ्याङ्कको लागि स्थानीय तहमा नै निर्माण श्रमिक पञ्जीकरण गरी परिचय-पत्रको व्यवस्था गरिनुपर्ने र पञ्जीकरण गर्दा मान्यताप्राप्त ट्रेड युनियनको सिफारिस अनिवार्य गर्नुपर्ने, श्रम क्षेत्रमा आउने समस्या समाधानको लागि स्थानीय तहमा श्रम डेस्क गठन गर्नुपर्ने र निर्माण क्षेत्रमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षा कार्यान्वयनको लागि नेपाल सरकार, निर्माण क्षेत्रका ट्रेड युनियन र निर्माण व्यवसायी समेतको सहभागिता गराई केन्द्रीय तहमा त्रिपक्षीय (ओएचएस) समिति गठन गरी कार्यस्थल अनुगमनको व्यवस्था गर्नुपर्ने रहेको छ ।

काउन नेपाल झापाका अध्यक्ष सम्फी दासको अध्यक्षतामा आयोजित बैठकको सहजीकरण बीडब्लूआईका सचिव गुरुङ र क्युपेक नेपालका केन्द्रीय प्रतिनिधि प्रमुख मनोहरि शिवाकोटीले गरेका थिए । काउन नेपालकी केन्द्रीय सदस्य उर्मिला ढकाल, ट्रेड युनियन कांग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीलगायतको आतिथ्य रहेको बैठकमा स्वागत अंकु नेपालका युवराज बुढाथोकीले गरेका थिए । कार्यक्रमको सञ्चालन क्युपेक नेपाल झापाका अध्यक्ष राईले गरेका थिए ।

**डा. अन्जल बिष्ट**

M.B.B.S.M.D. (Internal Medicine)(NAMS)
Fellowship in clinical immunology and Rheumatology (GRIPMER New Delhi)
EULAR Course in Rheumatic Disease(Zurich,Switzerland)

**बाथ रोग विशेषज्ञ**

NMC-8013

प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार
वीर अस्पताल काठमाण्डौबाट

सम्पर्क: प्राञ्जल फार्मेसी, बिर्तामोड ०२३-५४४८२२ । ९८४२६५४३२५

**पायल्स तथा फिस्टुलाको उपचार**

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **पुस ११ र १२ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**

बाणिज्य बैंक छेऊ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

कनकाई-बिर्ता-अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लिमिटेडको

**संस्थापक शेयर सदस्यता सम्बन्धी जरुरी सूचना**

यस कम्पनीको संस्थागत शेयर सदस्य बन्नका लागि शेयर खरिद मिति अन्तिम पटकका लागि २०७६ साल पुस १५ गतेसम्म कायम गरिएको कनकाई, विर्तामोड र अर्जुनधारा नगरपालिकाभित्रका ईच्छुक महानुभावहरुलाई अनुरोधसाथ सूचना गरिएको छ ।

**आवश्यक कागजात :**

१) शेयर कायम फाराम
२) नागरिकताको प्रतिलिपि
३) हकवालाको नागरिकताको प्रतिलिपि
४)रकम बुझाएको बैंक भौचर
५) निवेदक तथा हकवालाको पीपी साइजको १/१ प्रति फोटो
६) कम्पनी फाराम

बैंक खाता नं. : १४७००१०६५३२६६००००००१ (नेपाल बैंक लिमिटेड), L०४१०५१९९७३५२४०१ (एनआईसी एसिया बैंक)

**दीपक चापागाई**
प्रबन्ध निर्देशक (९८६२६९५८३३)

**मिनाल तिम्सिना**
अध्यक्ष (९८५२६७४७९२)

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**





ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ






सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

# नर्सिङ संघको निर्वाचन सम्पन्न




**बिर्तामोड, पुस ९।** मुलुकभरका चिकित्सक र नर्सलाई चुनाव लागेको छ। चिकित्सकहरुको छाता संगठन नेपाल चिकित्सक संघ र नर्सको संगठन नेपाल नर्सिङ संघ अहिले चुनावी मैदानमा छन्। जसमध्ये बुधवार नेपाल नर्सिङ संघको नेतृत्व चयनका लागि निर्वाचन भएको छ।

संघको १९औं अधिवेशनबाट सर्वसम्मत नेतृत्व चयन हुन नसकेपछि निर्वाचन भएको हो। अध्यक्ष पदमा मनकुमारी राई र मुना राना थापाका छुट्टाछुट्टै दुई वटा प्यानल बनेका छन्। अध्यक्षसहितका पदमा देशभरका २१ स्थानमा निर्वाचन भएको नेपाल नर्सिङ संघ झापाकी अध्यक्ष रुचि शिवाकोटीले बताइन्।

झापाको बिर्तामोडस्थित कञ्चनजङ्घा हेल्थ साइन्समा भएको निर्वाचनमा एक सय ४० जनाले मतदान गरेको मतदान अधिकृत समेत रहेकी अध्यक्ष शिवाकोटीले जानकारी दिइन्। संघको वरिष्ठ उपाध्यक्षमा रमेश सुब्बा, उर्मिला श्रेष्ठको उम्मेदवार छन्। त्यस्तै उपाध्यक्षमा मीना बानियाँ र बिमलाकुमारी साह उम्मेदवार छन्। महासचिवमा नर्वदा थापा र यशोदा बरालको बीचमा प्रतिस्पर्धा रहेको छ। सचिवमा प्रमिला थकाली र जया मिश्र उम्मेदवार छन् भने कोषाध्यक्षमा कल्पना श्रेष्ठ र कविता आचार्य उम्मेदवार भएपछि मतदानमा जानु परेको हो।

यता सदस्य पदका लागि बिजया अधिकारी, हरिप्रसाद कोजू, सोनु सेर्पा, सपना विक, अञ्जुकुमारी महतो, कोहिनुर फारुकी, अम्विका पौडेल, सीता केसी उम्मेदवार छन्। उनीहरु राई प्यानलको तर्फबाट चुनावी मैदानमा छन्।

त्यस्तै थापा प्यानलबाट सदस्य पदका लागि ज्योति रानाभाट, भीमकुमारी श्रेष्ठ, प्रेमा लक्ष्मी खाकी, मोहनकुमारी गैरे, विष्णकुमारी यादव, इजरायल साह, सीता भुषाल र मीरा गुरुङ उम्मेदवार छन्। अधिवेशनबाट अध्यक्षसहित वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष १/१ जना चयन हुनेछन् भने खुल्ला, जनजाति, आदिवासी, दलित, मधेशी र मुस्लिम सदस्य एक-एक जना चयन हुने बताइएको छ।

# छोरीको जन्मदर 'घट्दो'

**झापा, पुस ९।** नेपालमा पछिल्लो जनगणनाले पुरुषभन्दा महिलाको संख्या बढी देखाए पनि पछिल्ला वर्षहरुमा भने छोरी जन्मिने क्रम घटेको बताइएको छ।

यो अवस्था रहिरहेमा सामाजिक संरचना जोखिममा पर्न सक्ने विज्ञहरू बताउँछन्। देशका विभिन्न स्थानमा त्यहाँका स्थानीय र प्रदेश सरकारले छोरी जन्मिए विभिन्न सुविधा दिने कार्यक्रमहरू ल्याएका छन्। त्यो नीतिले ती स्थानहरूमा छोरी जन्मिने क्रम घटिरहेको र छोरीको अवस्था दयनीय रहेको पुष्टि गर्ने महिला अधिकारकर्मीहरू बताउँछन्। तर, यस विषयमा हालसम्म संघीय सरकारले कुनै किसिमको अध्ययन-अनुसन्धान र कारबाही प्रक्रिया नथालेको सरकारी अधिकारीको भनाइ छ।

काठमाडौं बस्ने सबिना (नाम परिवर्तन) की आठ वर्षीया एक छोरी छन्। दोस्रो गर्भ रहँदा फेरि छोरी नै भएको थाहा पाएपछि उनलाई विभिन्न दबाब आउन थाले। त्यसपछि उनले गर्भमा भएकी छोरी फ्याँकिन्। अहिले पनि उनलाई हरेक दिन सबैतिरबाट छोरा पाउने दबाब आइरहन्छ। उनी भन्छिन्- मेरी बहिनीले पहिलो सन्तानको रूपमा छोरो पाएकी छन्। उनलाई दोस्रो सन्तान जन्माउने कुरा समेत कसैले गरेका छैनन्। छोरी जन्माउने दबाब त आएकै छैन।

त्यस्तै नेपालगञ्जकी नाम बताउन नचाहने अर्की महिला पनि छोरा जन्माउनकै निम्ति गर्भपतन गराएको बताउँछिन्। उनको भनाइ छ- तीन छोरी छन्। छोरो जन्माउन भनेर पर्खेको, गर्भमा फेरि पनि छोरी आइन्। एउटा त्यसै खेर गयो, अर्को गर्भपतन गरेँ।

कानून अनुसार विशेष अवस्थामा बाहेक १२ हप्तापछि भ्रुणको लिङ्ग पहिचान गरेर गर्भपतन गराउन पाइँदैन। तर, पनि पितृसत्तात्मक सोच, धार्मिक, सांस्कृतिक र सामाजिक लगायतका कारण लिङ्ग पहिचानपछि छोरी भएमा गर्भपतन गर्ने क्रम पछिल्लो समय बढ्दै गएको जानकारहरूको भनाइ छ।

यसले महिला पुरुषको जनसांख्यिक अन्तर बढाउने चिन्ता उच्च रहेको महिलाको क्षेत्रमा काम गर्नेहरू बताउँछन्। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कमा समग्र जनसंख्या हेर्दा महिलाको संख्या बढी थियो। तर १४ वर्षमुनिको संख्यामा छोरीभन्दा छोराको संख्या बढी थियो।

महिला अधिकारको क्षेत्रमा सक्रिय लैङ्गिक मामिलाकी जानकार सरू जोशी श्रेष्ठका अनुसार त्यसपछिका वर्षहरूमा त्यो खाडल गहिरिँदै गएको छ। उनी भन्छिन्- नेपालमा छोरी जन्मिन कम भएको कुरा आजभन्दा २० वर्ष पहिले नै उठिसकेको थियो। तर यसमा खासै अनुसन्धान भएको थिएन। त्यसैले पुष्टि पनि भएन, अहिले पनि विभिन्न गाउँ तथा नगरपालिकामा छोरीहरू जन्मिने क्रम कम भएको पाइएको छ। यो विषयमा सरकार गम्भीर भएर आवश्यक कदम चाल्नुपर्छ।

सुरक्षित गर्भपतनबारे तालिम र अनुमति पाएका व्यक्तिहरूले आधिकारिक संस्थाहरूमा मात्र गर्भपतन गर्न पाउने कानूनी व्यवस्था छ। तर, गर्भपतन सम्बन्धी काम गर्ने संस्था आईपासकी माधवी बज्राचार्य नेपालमा गैरकानूनी रूपमा त्यस्तो काम शहर-बजारका गल्ली-गल्लीमा हुन थालेको धेरै समय भइसकेको बताउँछिन्।

नेपालमा प्रत्येक वर्ष छोरी जन्मिने अनुपात घटेको केही अस्पतालका तथ्याङ्कहरुले पनि देखाएको छ। परोपकार प्रसूति गृह थापाथलीमा आर्थिक वर्ष २०७५/०७६मा ११ हजार ९ सय ४६ जना छोरा जन्मिएका थिए भने १० हजार ४ सय १६ छोरी जन्मिए। उक्त अस्पतालका अनुसार १०/१२ वर्षदेखि छोरा र छोरी जन्मिने अनुपातमा निकै अन्तर देखिएको छ।

त्यस्तै भक्तपुरको सिद्धि मेमोरियल अस्पतालमा गत वर्ष २१९ जना छोराको जन्म भएकोमा छोरीको संख्या १८४ मात्र थियो। सामाजिक विषयका शिक्षक शैलेन्द्रकुमार भट्टराई भन्छन्- अहिलेको जनसंख्या छोरामुखी बन्दै गएको देखिन्छ। यो जैविक प्रहार हो। यही क्रम जारी रह्यो भने केही दशकपछि वैवाहिक सम्बन्धको सन्तुलन बिग्रिने अवस्था आउँछ। अहिले गर्भभित्र रहेको कुरा बाहिर आउँछ।

नेपालमा छोरा र छोरी जन्मिने अनुपातबीचको अन्तर देशभरि कति छ भन्ने अध्ययन सरकारी निकायबाट भएको देखिँदैन। त्यस्तै लिङ्ग पहिचान गरेर गर्भपतन गर्ने गैरकानूनी अभ्यासको निगरानी र नियन्त्रणको निम्ति सरकारले योजनाबद्ध ठोस कदम नचालेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सहसचिव रूद्रा शर्मा स्वीकार गर्छिन्।

उनले भनिन्- महिलासम्बन्धी मुद्दा हेर्ने मन्त्रालय यही नै हो। स्वास्थ्य मन्त्रालयले केही अध्ययन गरेको जस्तो त लाग्छ। तर महिला मन्त्रालयबाट छोरीको जन्मसङ्ख्याबारे कुनै अध्ययन गरिएको छैन, तथ्याङ्क पनि छैन। त्यस्तै लिङ्ग पहिचान गरेर गर्भपतन गर्नु-गराउनु गैरकानूनी भए पनि त्यस्तो भइरहेका खबरहरू पनि आएका छन्। त्यस विषयमा पनि अनुगमन गर्न सकेका छैनौं।

देशका केही ठाउँमा छोरी पढाउने, बचाउने, उनीहरूका लागि बैंक खाता खोल्ने वा बिमा गर्ने कामको थालनी भएका भएका छन्। तर जानकारहरूका भनाइमा गैरकानूनी गर्भपतनविरुद्ध कडा कानून र त्यसको कार्यान्वयन सँगसँगै छोराछोरीबीचको विभेद हटाउन पर्याप्त जनचेतना फैलाउने कामले तीव्रता नलिएसम्म अझै धेरै छोरीहरू जन्मन पाउने छैनन्। बीबीसी

# कन्सल्टेन्सीको नाममा ठगी आरोपमा पक्राउ

**काठमाडौं, पुस ९।** कन्सल्टेन्सीको नाममा नगद १० लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा धादिङ कटुन्जे घर भई ललितपुर बस्ने ४२ वर्षीय सुमन भन्ने मानबहादुर गुरुङलाई प्रहरीले पक्राउ गरेको छ।

वैदेशिक रोजगारको सिलसिलामा आफूलाई रेहना एजुकेशन कन्सल्ट्यान्सीको सञ्चालक भन्दै उक्त रकम ठगी गरेको भन्ने सूचनाका आधारमा महानगरीय अपराध महाशाखा काठमाडौंबाट खटिएको प्रहरीले काठमाडौं डिल्लीबजारबाट उनलाई पक्राउ गरेको हो। गुरुङलाई थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर टेकू पठाइएको उक्त महाशाखाले जनाएको छ।

# श्रेष्ठको जन्मदिनमा परोपकारी काम

**झापा, पुस ९ ।** जन्मदिन मनाउने सबैको आ - आफ्नै तरिका हुन्छ। जन्मदिनमा कसैले वर्थ-डे पार्टीको आयोजना गर्छन् त कसैले बालबालिका तथा असहायहरुलाई सहयोग गरेर आफ्नो जन्म दिन मनाउँछन्। पश्चिमी संस्कृतिको प्रभावका कारण अधिकांशले अहिले वर्थ-डे पार्टीकै आयोजना गर्ने गरेका छन्।

पछिल्लो पुस्ताले जन्म दिनमा गर्ने फिजुल खर्च कटाएर सेवामा कमैले मात्र लगाउँछन्। तर, बिर्तामोडका एक युवाले आफ्नो जन्मदिनमा परोपकारी काम गरेका छन्।

परोपकार तथा अनुसन्धान केन्द्र बिर्तामोडद्वारा सञ्चालित वृद्धाश्रममा रहेका २९ जना ज्येष्ठ नागरिकलाई खाना खुवाएर बिर्तामोड-६ निवासी पदम श्रेष्ठ र उनकी श्रीमती दीपा श्रेष्ठले परोपकारी काम गरेका हुन्। उनीहरुले आश्रममा पुगेर सबै



ज्येष्ठ नागरिकलाई आफ्ना बा-आमा सरह नै आदरसत्कार गर्दै भोजन गराएका हुन्।

परोपकारी मन भएका श्रेष्ठले यस अघि पनि आश्रममा रहेका ज्येष्ठ नागरिकलाई सहयोग गर्दै आएको आश्रमका सचिव वेणुप्रसाद भट्टराईले जानकारी दिए। भट्टराईले भने- पदम सर जस्तो व्यक्ति आश्रमले पाएको छ। किनकि उहाँहरुले नै १२ जना युवाको समूह बनाएर महिनाको ५/५ हजार रुपैयाँ आश्रमलाई सहयोग गर्दै आउनुभएको छ।

आश्रमको सरसफाईका लागि प्रत्येक महिना एक युवाले ५ हजार रुपैयाँ सहयोग गर्दै आएको बताइएको छ। आश्रमलाई प्रत्येक महिना पालै पालो सहयोग गर्नेहरुमा मंसीरमा ढुण्डीराज गिरी, पुसमा श्रेष्ठ, माघमा सुजित वंशल, फागुनमा प्रशान्त भण्डारी, चैतमा रौनक वंशल, वैशाखमा सागर पौडेल, जेठमा लेखनाथ दाहाल रहेका छन्। त्यस्तै असारमा निर्मल भट्टराई, साउनमा अनुप निरौला, भदौमा दिवाकरलाल चौधरी, असोजमा विशाल थापा र कात्तिकमा शिव अग्रवालले सहयोग गर्दै आएका छन्।

# एकल चित्रकला प्रदर्शनी




**झापा, पुस ९।** झापाको धुलावारीमा शुरु भएको तेस्रो अन्तर्राष्ट्रिय औद्योगिक व्यापार, कृषि तथा पर्यटन महोत्सवमा प्रियंका शर्मा (पिकासु) को एकल चित्रकला प्रदर्शनी शुरु भएको छ।

शुरुवात नाम दिइएको चित्रकला प्रतियोगिताको उद्घाटन मुख्यमन्त्री शेरधन राईले गरेका थिए। चित्रकलाबाट रोट्राक्ट क्लब अफ बिर्तामोड मिडटाउनको सिग्नेचर प्रोजेक्ट 'प्याड यात्रा' लाई सहयोग गरिने शर्माले बताइन्। रोटरी क्लब अफ बिर्तामोड मिडटाउन, रोट्राक्ट क्लब अफ बिर्तामोड मिड टाउन र मेची उद्योग वाणिज्य संघले प्रतियोगिताका लागि सहयोग गरेको बताइएको छ।

# बिर्तामोडमा मनाइयो खिष्टमस



**झापा, पुस ९।** इसाई धर्मावलम्बीहरुले आज विश्वभर हर्षोल्लासपूर्वक क्रिसमस पर्व मनाएका छन्।

नेपालमा पनि राजधानी काठमाडौं लगायत देशभर रहेका गिर्जाघर तथा पर्यटकीय बजारहरुमा खिष्टमसको रमझम देखिएको थियो।

२०१९ वर्षभन्दा पहिले इजरायलको बेथलियमको एउटा गोठमा येशु खिष्टको जन्म भएको खुशियालीमा हरेक वर्ष डिसेम्बर २५मा इसाई धर्मावलम्बीहरुले खिष्टमस मनाउने गर्छन्।

यसै क्रममा झापाको बिर्तामोडस्थित विलिभर्स इस्ट्रन चर्चमा पनि खिष्टमस जन्मोत्सव मनाइएको छ। प्रदेश सांसद झलकसिंह दर्लामी सन्देशको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड नगरपालिका-३का वडाध्यक्ष एवम् नेपाली कांग्रेसका नगर सभापति भोजराज सिटौला, मनकामना कलेजका शिक्षक तथा पत्रकार गोपाल काफ्ले लगायतको आतिथ्य रहेको थियो।

डा. चित्ररुपाचा राईले अध्यक्षता गरेको कार्यक्रममा विपन्न समुदायका परिवारलाई जाडोबाट वच्नका लागि न्यानो कपडा समेत बितरण गरिएको वीरु दर्नालले जानकारी दिए। कार्यक्रममा येशुको आराधना गर्दै भजन कीर्तन, साङ्गीतिक कार्यक्रम, अभिनय, प्रहसन लगायत प्रस्तुत गरिएको थियो। खिष्टमसको जन्मदिनको अवसरमा केक काटेर एकापासमा खुशियाली समेत साटासाट गरिएको थियो।

# १२२ जना चिनियाँ नागरिक पक्राउ

**काठमाडौं, पुस ९।** गैरकानूनी क्रियाकलापमा संलग्न रहेको आशंकामा काठमाडौं तारकेश्वर नगरपालिका-१ मनमैजू, काठमाडौं महानगरपालिका-३ महाराजगञ्ज र बूढानिलकण्ठ नगरपालिका-३बाट १ सय १४ जना पुरुष र ८ जना महिला गरी एक सय २२ जना चिनियाँ नागरिकहरुलाई प्रहरीले पक्राउ गरेको छ।

इन्टरपोलको ८८औं महासभा सान्टियागो चिलीमा भएको बैठकमा हेड अफ इन्टरपोल एनसीबी बेइजिङ, चीन र एनसीबी काठमाडौंका प्रमुखहरुबीच ट्रान्सबोर्डर साइबर अपराध जस्ता अपराध नियन्त्रणका लागि छलफल भए अनुसार एनसीबी बेइजिङ, चीन र एनसीबी काठमाडौंबीच जानकारी एवम् खबर आदानप्रदान भई नेपाल प्रहरीद्वारा सूचना विकास गरी साइबर अपराध लगायत अन्य गैरकानूनी क्रियाकलापमा संलग्न हुन सक्ने आशंकामा उक्त ठाउँका ९ वटा घरमा तत्काल खोजतलास गरी उनीहरुलाई पक्राउ गरिएको हो।

उक्त घरहरुमा अस्वाभाविक रुपमा अत्यधिक संख्यामा ल्यापटप, मोबाइल र अन्य सामानसहित शंकास्पद अवस्थामा भेटिएका उनीहरुलाई प्रहरीले पक्राउ गर्न खोज्दा महिला प्रहरी समेतको टोली उपर सोधपुछको क्रममा दुर्व्यवहार समेत गरेपछि उनीहरुलाई पक्राउ गरिएको र उनीहरुबाट मोबाइल ७ सय ४७ थान, ल्यापटप ३ सय ३१ थान, सिपियू ९८ थान, मोनिटर ९९ थान, पेनड्राइभ २२ थान, सिमकार्ड ३ सय २७ थान र राहदानी ६७ थान बरामद भएको केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्जले जनाएको छ।

निजहरु अन्य अपराधमा समेत संलग्न हुन सक्ने अवस्था समेतलाई ध्यान दिई यस सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त ब्यूरोले जनाएको छ।

# औषधि अभावले क्षयरोगी जोखिममा

**झापा, पुस ९।** औषधि अभावले जटिल खालका क्षयरोगका बिरामी समस्याग्रस्त बनेका छन्। राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुरले देशभर वितरण गर्दै आएको क्षयरोगको बहुऔषधि प्रतिरोधी (एमडिआर) उपचारको औषधि सेवन गर्दै आएका बिरामी औषधि नपाएपछि जोखिममा परेका हुन्।

क्षयरोगको प्रभावकारी उपचारका लागि नेपालमा शुरु भएको उपचार विधिमा बिरामीले नौ महिना आवश्यक औषधि सेवन गरी चारदेखि छ महिनासम्म सुई लिनुपर्ने हुन्छ। क्षयरोगका बिरामीले सेवन गर्ने सामान्य औषधिले काम नगरेपछि बिरामीका लागि चलाइने बहुऔषधि प्रतिरोधी (एमडिआर) का बिरामीका लागि प्रयोग हुँदै आएको 'क्यानामाइसिल' नामको औषधि नपाएपछि बिरामीको ज्यान जोखिममा परेको हो।

काभ्रेका खोपासीबाट क्षयरोग केन्द्रमा आएका बिरामी राजेन्द्र थापाले औषधि नपाएको गुनासो गरे। दुई सातादेखि औषधि नपाएर उपचारमा समस्या परेको बताउँदै उनले केन्द्रका प्रमुखलाई गुनासो गर्दा पनि सुनुवाइ नभएको बताए। ललितपुरको भैंसीपाटीबाट उपचारमा आएका रामहरि काफ्लेले सरकारले सित्तैमा औषधि दिने भने पनि केन्द्रले औषधि दिन नसक्दा ज्यानै जाने हो कि भन्ने डर भएको बताए। राष्ट्रिय क्षयरोग केन्द्रमा कार्यरत एक चिकित्सकका अनुसार 'क्यानामाइसिल' नामक औषधि नहुँदा क्षयरोगका बिरामीलाई समस्या परेको छ।

केन्द्रका अर्का चिकित्सकका अनुसार 'क्यानामाइसिल' नामको औषधि एक बिरामीलाई साताको छ वटाका दरले करिब पाँच महिनासम्म १५० वटा दिनुपर्छ। औषधि अभावले यो क्षयरोग बिग्रिएमा एसडिआर हुने र बिरामीको उपचार असम्भव हुने तथा बिरामीको ज्यानै जानसक्छ।

'क्यानामाइसिल' औषधि गत नोभेम्बरबाटै सकिएको र दामियन फाउण्डेसन बेल्जियमबाट चार हजार पिस औषधि मगाए पनि तीन हजार दुई सय पिस मात्रै आएको र यो १८ दिनमै सकिएपछि औषधि अभाव भएको हो।

राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशक सागरकुमार राजभण्डारीले भने- क्यानामाइसिल नामक औषधि विस्तारै फेजआउट हुँदै छ, कम्पनीले उत्पादन नै कम गरेपछि औषधि नआएको हो, यसको सट्टामा 'एमिक्यासिन' नामक औषधि मगाएका छौं, अब त्यही औषधि चलाउँछौं। उनले 'क्यानामाइसिल'ले बिरामीमा राम्रो काम नगरेपछि अर्को औषधि मगाएको दाबी गर्दै अब नयाँ दर्ता हुने बिरामीलाई 'एमिक्यासिन' नामक औषधि दिने बताए। औषधि दिने सबै ठाउँमा यही सकुर्लर जारी गरेको बताउँदै उनले कुनै पनि बिरामी औषधिबाट वञ्चित नभएको दाबी गरे।

तत्काल १६ हजार औषधि चाहिने भए पनि पटक-पटक माग गरेर चार हजारदेखि पाँच हजारसम्म एकपटकमा औषधि आयात गरेको र अभाव हुन नदिएको केन्द्रका निर्देशक राजभण्डारीको दाबी छ। सरकारले क्षयरोगका बिरामीका लागि निःशुल्क उपलब्ध गराउँदै आएको 'क्यानामाइसिल' औषधि एउटा इन्जेक्सनको ३ डलर पर्ने केन्द्रको भनाइ छ।

बिरामीवर्गलाई जरुरी सूचना

बिना अप्रेसन, पायल्स, फिस्टुलाको उपचार साथै बाथ, नशा, दम, खोकी, पिनासको सफल उपचारको लागि यही पुस १२ गते शनिवारका दिन डाक्टर आउने भएकोले समयमा नै नाम लेखी सरल तरिकाले उपचार लिनुहुन अनुरोध छ।

फाल्गुनन्द आयुर्वेद सेवा
शनिश्चरे रोड, ट्याक्सी स्टेण्ड, बिर्तामोड, झापा (९८०७९९४८८०)

## प्रदेशकै ...

शान्ति सुरक्षा कायम राख्न उल्लेख्य भूमिका निर्वाह गरेको भन्दै प्रहरी उपरीक्षक दीनेश मैनालीलाई सोही कार्यक्रममा सम्मान गरिएको थियो। मैनालीसंगै पार्क निर्माणमा सहयोग पुऱ्याएको भन्दै सञ्जय प्रधान, अर्जुन मैनाली, दिनेश पाठक र सुमन खरेललाई समेत सम्मान गरिएको थियो।

विगत दश वर्षदेखि बाँझिएको १६ विगाह जमिनलाई सदुपयोग गर्दै पार्क निर्माण गरेसँगै आन्तरिक तथा बाह्य पर्यटकका लागि यो पार्क आकर्षक गन्तव्य बनेको छ। दैनिक एक हजार केजी माछा बिक्री गर्दै आएको पार्क यस अघि नै सञ्चालनमा आए पनि औपचारिक उद्घाटन भने आज मात्रै गरिएको हो। पार्कमा १४ वटा ठूला र व्यवस्थित पोखरीमा माछापालन गरिएको छ।

झापा सहित पूर्वका अधिकांशको रोजाइमा 'हेवन वाटर पार्क' मै पाँच दिनसम्म फिस फेष्टिवलको आयोजना गरिएको छ। पार्क उद्घाटन समारोहको सञ्चालन पत्रकार यम विमलीले गरेका थिए।

जग्गा चाहियो

बिर्तामोड बजार क्षेत्रभित्र कम्तीमा १० धुर जग्गा व्यवसाय गर्न मिल्ने स्थानमा तु-आवश्यकता परेको हुँदा इच्छुक जग्गाधनीले सिधा सम्पर्क गर्नुहोला। दलालले कष्ट नगरिदिनुहोला।
मो. ९८१९३२९७८१

जग्गा विक्रीमा

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।
मो. ९८४२६५५९५०/ ९८०४९६९९९०

लोकसेवा तयारी कक्षाको सुवर्ण अवसर

मेचीनगर-१० धुलावारीमा अवस्थित Swarojgar Institute For Development मा नासु, खरिदार एवम् शाखा अधिकृतका लागि तयारी कक्षाहरु यही मिति २०७६ साल पुस १७ गतेदेखि विभिन्न Package मा योग्यता प्राप्त र दक्ष प्रशिक्षकहरुबाट सञ्चालन हुने भएको हुँदा समयमै सम्पर्क गरी आफ्नो सिट सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं।
हिमाल खतिवडा (९८१४९६९४५९)। सुगन उप्रेती (९८०४९९३३४८)

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# आज सूर्यग्रहण

आज सूर्यग्रहण । पुस १० गते बिहीबारका दिन लाग्ने खण्डग्रास सूर्यग्रहण नेपाल, भारत, श्रीलंका लगायतका देशहरु साथै पूर्वी युरोप, अष्ट्रेलिया, पूर्वी अफ्रिकाबाट समेत देख्न सकिने खगोलविद्हरुले बताएका छन् । नेपाली समय अनुसार बिहान ८ बजेर ४२ मिनेटमा सूर्यलाई ग्रहणले स्पर्श गर्ने, १० बजेर ०१ मिनेटमा मध्य हुने र ११ बजेर ३१ मिनेटमा मोक्ष हुनेछ । यो वर्षको अन्तिम सूर्यग्रहणको अवधि २ घण्टा ४९ मिनेटको रहने बताइएको छ ।

शास्त्रीय मान्यता अनुसार सूर्यग्रहण लाग्नु बाह्र घण्टा अघिदेखि सूतक प्रारम्भ हुन्छ । यस अर्थमा बुधबार बेलुका ८ बजेर ४२ मिनेटदेखि बालक, वृद्ध, रोगी र गर्भवती महिलाहरु बाहेकले कुनै प्रकारको भोजन गर्नुहुँदैन । चन्द्रग्रहणमा ९ घण्टा अघिदेखि भोजनादि वस्तु खान वर्जित छ । सूतकको समय भनिने यो समयमा खाना पकाउने, भुट्ने, काट्ने हतियार प्रयोग गर्ने कपाल कोर्ने, दाँत मोल्ने, देवदेवीका मूर्ति, तुलसीको बिरुवा स्पर्श गर्न पूर्णरुपले निषेध गरिएको छ । ग्रहणले स्पर्श गरिसकेपछि गर्भवती महिलालाई घरबाहिर निस्कन रोक लगाइएको छ । यदि निस्कनै परे तुलसीपत्र, कुश, चन्दन साथमा लिएर मात्र निस्कनु स्वास्थ्यका दृष्टिले समेत उचित हुने मान्यता छ ।

ग्रहण स्पर्श भएसँगै नदी, तलाउ, तीर्थस्थान आदि स्थानमा स्नान गर्न, मध्यकाल र उत्तरकालमा स्नानादि कर्म गरी दान, ध्यान, जप, होम गर्नु उत्तम हुनेछ । ग्रहणकालमा मन्त्र जप गर्ने, तन्त्र, मन्त्र सिद्धि प्राप्त गर्ने लगायतका कर्महरु गर्नु लाभदायक मानिन्छ । ग्रहण प्राकृतिक घटना हो । सूर्यलाई पृथ्वीले परिक्रमा गर्ने र चन्द्रमाले पृथ्वीको परिक्रमा गर्ने नियमिततामा उनीहरुको असमान गतिका कारण कुनै बखत यी पिण्डहरु एउटै सिधा रेखामा पर्छन् । त्यसकै परिणाम कहिले पृथ्वीको छायाँ चन्द्रमामा र कहिले चन्द्रमाको छायाँ पृथ्वीमा पर्न जान्छ । यसरी छायाँ परेको अवस्थालाई नै ग्रहण भन्ने गरिएको छ ।

ग्रहण विभिन्न ग्रहहरुको नियमित गतिको अवस्था हो, तर पनि यसले पृथ्वीमा भएका सम्पूर्ण जीव तथा वनस्पति र पर्यावरणमा प्रत्यक्ष र प्रभाव पार्छ । ग्रहणका समय तिनबाट विकिरण र नकारात्मक ऊर्जा उत्पन्न हुने र घरभित्र प्रवेश हुने भएकाले ग्रहणकालमा पकाएको खानेकुरा राख्नु हुँदैन । राख्नु परे तुलसीपत्र, कुश मिसाउनुपर्ने शास्त्रीय मान्यता छ । त्यस्तै ग्रहणको नकारात्मक प्रभाव रोक्न मूल ढोकामा गाईको गोबर राख्नुपर्ने मान्यता छ । शास्त्रीय मान्यता बाहेक विज्ञानका दृष्टिले समेत ग्रहणको समय उत्सव जत्तिकै हुन्छ । किनकि वैज्ञानिकहरुले यही समय नयाँ तथ्यहरु खोजी गर्ने अवसर पाउँछन् । यहीबेला गरेको खोजले हिलियम ग्यासको उपस्थिति पत्ता लगाइएको थियो । त्यसैले विज्ञानले समेत महत्व दिएको सूर्य ग्रहणको यो समय वर्जित गरिएका कर्महरुमा विशेष ध्यान दिएर आफूमा शक्ति सञ्चय गर्न र नकारात्मकताबाट सुरक्षित हुने तर्फ लाग्नु उचित हुन्छ ।

सामाजिक सञ्जाल



हे सृष्टिकर्ता, यस धर्तीमा विभिन्न समयका महापुरुषहरुलाई भगवानको नाम दिएर मानव समुदायमा विभाजन र फाटोको बीऊ रोप्ने सम्पूर्णलाई सद्बुद्धी देऊ !

**– धनपति ढुंगेल**



राजनीतिक पार्टी र नेताहरुले आफ्नैबारे त अनुशासित र दीर्घकालीन दृष्टिकोण राख्न सकेनन् भने देश र कार्यकर्ताले के अपेक्षा राख्ने र ?

**– रोजिना पाण्डे**

# प्रदेश र स्थानीय सरकारहरु-सामन्तयुगीन कविला जस्तै !



**नकुल काजी**

अहिले सबै कित्ताका नेपालीमा प्रकीर्ण आधारभूत विषयहरुका प्रतिको असन्तोष झन्-झन् विकसित हुनतिर अनुनादी छन् । राज्यका अख्तियारशाली चालकहरुको वृत्तमा मात्र होइन, प्रजातन्त्रोत्तर र लोकतन्त्रोत्तरका कालखण्डमा सबभन्दा बढी सत्ताभोग गर्न पाएकाहरुको वृत्तमा समेत जन-जीवनको आशा-अपेक्षा र अपरिहार्य आवश्यकता सम्बोधित हुने एवम् जन-जीवनको मूलभूत सरोकार समेट्नुपर्ने नैतिक कर्तव्यको विषयभन्दा राजनीतिक तेरो-मेरोको कचेडाले प्राथमिकता पाइरहेको अवस्था छ । अतःयस्तो अवस्थाको थिचोमिचोमा स्वयम् देशले अंगीकार गरिरहेको राज्यव्यवस्थाका सिद्धान्त र प्रणालीको स्वरुपलाई नै एकातिर विकृत तुल्याइरहेको छ भने अर्कातिर जन-मनको अमूल्य विश्वासलाई सर्वाधिक अनुतप्त तुल्याइरहेको छ । राजनीतिलाई विभिन्न सिद्धान्त र वादद्वारा, निर्देशित दलहरुले मूर्तिमान राख्ने हुन् । तर, दलहरुले राष्ट्रिय लगानीका अधिक अधिकांश समय तेरो-मेरो, भाग-बण्डा र प्रतिष्ठान लिने-खोस्ने किचोलामै अपव्यय गर्ने गर्दाका दुष्परिणाम जन-समाजमा प्रतिबिम्बित भए तत्कालीन 'राजनीति' स्वयम् अप्रिय बन्छ नै । अहिले भइ रहेकै त्यही त हो ! यदि यस्तो प्रतिबिम्ब दलीय सारथिहरुका लागि अनपेक्षित लागिरहेको भए उनीहरुका लागि 'किन रोयो मङ्ले–आफ्नै ढङ्गले !' उखानको पुनरावृत्ति गरिदिनु बाहेक अर्को के नै पो उपयुक्त आँशु पुछौनी हुन्छ र ? र, खासगरी भूकम्प पीडित, बाढी-पैह्रो पीडित, महंगी पीडित, शक्तिकेन्द्र पालित उन्माद र स्वेच्छाचारितामा पन्पाएका साँढेहरुद्वारा पीडित, दण्डहीनता र घुस-भ्रष्टाचारबाट पीडित, अबैध धन्धाबाजीको मल लागेर टुप्पोबाट पलाएका नव-सामन्तबाट पीडित, उपल्लो पहूँचको अहंकारले असंवेदनशीलहरुको निर्बाध बुर्कुसीबाट पीडित, राजनीपितक शक्तिको डाक बडाबडबाट थिल्थिलिएको विचरा 'न्याय'-माथिको बलात्कार देखी-देखी सहनुपर्ने बाध्यता पीडित इत्यादिदेखि आफैले थुक-आँशु गरी तिरेको कर-तिरोबाट सञ्चित राष्ट्रिय ढुकुटीमाथि घोडा चढेर आफ्नै अथवा 'जनता'-कै नाममा विकासको ओठे लय गाएर निजी स्वार्थको लाद्रो भर्नेहरुको प्रकोप पीडित र विदग्ध जनताका लागि आफ्नै देशको यसबेला दुर्बोध पहेली बनेको छ । त्यति मात्र होइन्, प्रत्यक्षतः कमाउकान्ते यातायात व्यावसायिक कित्ताका ज्यादतीसामू 'राज्य'–को श्री खसेको अवस्था छ, खबरदारी गर्ने कर्तव्य बोक्नुपर्ने प्रतिपक्षी कर्त्तव्यच्यूत अवस्थामा आफैं गृह-कलहले तहस-नहस भइरहेको छ । अँटेर र लबस्तर्‍याइँले बद्नाम निर्माण व्यवसायी समाजभित्र राज्यका आधिकारिक अवयवहरु लिलाम हुने भएकाले आफ्ना जीवन व्यवहारले अपरिहार्य मानवोचित विकास-निर्माणबाट सरेआम ठगिनु परिरहेको अवस्था आदि-इत्यादिलाई नै राजधानी महानगरदेखि मोफसलका कुना-कुनाबासी नेपाली सबैले 'युगान्तकारी परिवर्तन'-को पर्याय ( synonym) मात्र होइन सम्पूर्णता ( completion) मान्नुपर्ने स्थिति सम्पूर्ण उच्चताका साथ बहाल छ अहिले ।

राष्ट्रको आर्थिक मेरुदण्ड नै खियाउने किसिमका ठूल्ठूला भ्रष्टाचार, कमिशनखोरी, घुसखोरीको सतहमा ल्याइसके । सुन-तस्करीका साना-ठूला दर्जनौं बारदात उजागर भइसके । यान्त्रिक कारण र मानवीय लापर्वाहीबाट हजारौं नेपालीले ज्यान गुमाइसके भने हजारौंको अंगभंग भइसक्यो । विकासका लागि छुट्याइएका बजेटबाट न्यून खर्च भएको भए जो खर्च भयो सो पनि निर्माणको नाममा भइरहेका संरचना भताभुङ्ग पारी लथालिङ्ग पार्न मै सीमित छन् । सुशासन, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, समृद्धि र सुखका सुगा-रटाइ अविच्छिन्न हुँदाहुँदै पनि तिनले बुनियादी धरातलमा टेकेका छैनन् मात्र होइन 'जनता' तत्काका नागरिक जीवनका तिनै विषय चाहिँ अझ दुर्लभ बनेका छन् । जनताको सरोकारका विषयहरुलाई ओझेलमा पार्ने स्वैरकाल्पनिक योजना फलाक्तै राज्याधिकारीहरु विलासितामा निर्लिप्त हुँदै गएका छन् । कथनीको सौन्दर्य करनीको स्थलगत यथार्थमा कुरुप भएर प्रस्तुत भइरहेछ । राजनीतिमा सबै कित्ता-विधाले बिसर्जित हुनैपर्ने वातावरण बनाइँदै लगिएको छ । शिक्षा, स्वास्थ्य जस्ता मानवीय सेवाका फाँटहरुमा समेत 'राम्रा'-लाई बदर गरी सत्ताधिकारीका र देशको माटोका प्रति अनुराग राख्ने चरित्रहरु समेत अन्यायपूर्ण अवसर वञ्चित हुन परेको पीडाले विदीर्ण भई खाइजिलो-जीविकाको व्यवस्थाका लागि अस्सीऔं लाख विदेश पलायन हुँदैछ, यो संख्या दैदन्दिन बढिरहेको छ । विदेशी पिरङ्गी जनसंख्याको प्रकोप त्यसकारण बेरोक भइरहेको छ । र, देशको सार्वभौमिक अखण्डताको भविष्य संदिग्ध बन्दैछ मात्र होइन, तिनकै रगरगीबाट प्रेरित भएर नै हुनसक्छ, छिमेकीले सरेआम भूगोलको सीमाभूमि चिथर्न थालेको छ । अतः देशभक्त पुर्खाको वंशानुबात भावविरासतलाई आफ्नो उपल्लो वैभव ठान्ने नेपालीले 'युगान्तकारी परिवर्तन'-को सारभूत उपलब्धि यिनै सबलाई मान्नुपर्ने कि कसो हो ? प्रश्न प्रखर हुँदै गइरहेको छ ।

निर्वाचनको मौसमी परीकथात्मक किंवा स्वैरकाल्पनिक आश्वासनको सम्मोहन जनताका सरल बोधगम्यतामाथि अभिषेक गरिरहेका बेला, विजयोत्सवका बेला वा निर्वाचनमा विजयी पाएपछिको बधाई-स्वागत समारोहमा सपरिवार भीड लागिदिने र तालीको गडगडाहट गुञ्जाइदिने तथा टुप्पो-फेद केही नबुझिकन सिफाइएका नारालाई साथ दिँदै चल्नी चर्काएर 'जिन्दावाद !' भनिदिने नेपालीको बहुसंख्या अहिले पनि अचेतन प्रायः छ । र, प्लास्टिकका गोटी सरह राजनीतिको हार र जीतको खेलमा त्यसरी प्रयोग भइरहेको छ जसरी चेसको बोर्डमा प्लास्टिकका निर्जीव गोटी प्रयोग हुन्छन् । चेसका ती गोटीले कोही राजा, कोही प्रधानमन्त्री, कोही किल्ला, कोही हात्ती इत्यादि हुन पाएर के हुन्छ बिचरा ! – आखिर तिनको गति (movement) आफै मूर्तिमान त हुँदैनन् नि ! तिनलाई मूर्तिमान तुल्याउने खेल (चाहे त्यसलाई प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र जे नाम दिइएको होस्) नार्ने जीवित हात त पक्ष-विपक्षका खेलाडी कै हुन्छन् क्यारे । ती गोटी न त वैयक्तिक रुपमा स्वतन्त्र नै छन् अथवा त्यस्तो स्वतन्त्रता तिनलाई चाहिने बौलट्टी कल्पना गर्ने चलन नै प्रादुर्भाव भएको छ । जनता, बस्, जहिल्यै पनि राजनीतिलाई आवश्यक पर्दा राजनीतिले चलायमान बनाउने प्लास्टिकका निर्जीव गोटी न हुन् । त्यस्तै देखिँदै छैन र ?

अहिले त झन्, राजनीतिका गुरुतर्कहरुको बिस्तीर्णतालाई 'उल्टोसुल्टो-69'(अंग्रेजी अंक 69) भने झैं 'समृद्ध नेपाल सुखी नेपालीलाई बीज-मन्त्र बनाएर त्यसको सफल कार्यान्वयन हुने सुनिश्चितता सिद्ध गर्न हामीले लोकतान्त्रिक गणतन्त्र ल्यायौं', हामीले लोकतान्त्रिक गणतन्त्रको संविधान बनायौं, हामीले देशलाई संघीय प्रणालीमा ल्यायौं, अब एउटा नेपालीले पनि भोको-नाङ्गो हुनपर्ने छैन इत्यादिका लयदार गीताकर्षणको गायत्री-जप छँदैछ । वास्तवमा यी सबै दन्त्यकथामा वर्णित कुनै अनिकाल ग्रस्त घर-परिवालका निरुपाय अभिभावक (आमा-बाबु)-ले भोकलेमर्लान्त छोराछोरीलाई तत्काल विश्वासमा बँचाउन ( छक्याउन ?) ढुङ्का डल्ला उसिन्न बसाएर हात-हातमा सुइरा थमाई 'बेला-बेला ढकनी उधारेर घोच्तै गर्नु, पाकेपछि घोचिन्छ अनि झिकेर अघाउन्जी खानु' भनेर आफूलाई बाहिर गए जस्तो मात्र भइरहेका छन् । यस भनाइलाई पुष्टि गर्न अरु के-के भनिरहनै पर्दैन– प्रदेश र स्थानीय सरकारहरुलाई मिहिनरुपमा छिन्केर हेरे पुग्छ । अर्थात्, दुई वर्षका ७३० दिन गुज्रिसकेर उकालो लागिसक्ता पनि प्रदेश र स्थानीय सरकारहरुलाई सामन्तयुगीन कविला कै थान्कोमा राखिराखेर संघीयताको अभ्यास भइरहेको मृदुल भाषण फर्माइरहनुको अन्तर्य उधिने पर्याप्त बुझिन्छ ।

राजनीतिलाई व्यावसायीकरण गरिएको चटारोमा समयको अत्यधिक अपव्य भइरहेको दृश्यको धरातलमाथि संघीयताको अभ्यास थालिएयताका राज्यशासनका निकायगत व्ययभार धान्ने आर्थिक रणनीतिले बढाएको कर-तिरोको दायरा र दरले एकातिर चेपिएका र अर्कातिर सत्तारुढ दलका चन्दादाता भई आएकाले स्वच्छन्द नाफाखोर हुन पाएकाहरुले महंगो बनाएका बेसाहाले निचोरिएका जनताको दयनीय बन्दै गएको दैनिकीको निरुपण गर्दा लोकतन्त्र-गणतन्त्रका प्रति अनुरागी सबैलाई निश्चय नै उद्विग्न तुल्याउँछ । त्यसबाहेक माथिका अनुच्छेदहरुमा उल्लेखित अप्ठ्यारा पनि जनताका हकमा उत्तिकै पीडादायी छन् । अझ, जिब्रो नचपाइकन भन्ने हो भने– सत्तामा हावी नव-सामन्तवादी सोच-अवधारणाप्रेरित शासकीय चलखेल यो वर्तमानमा राजतान्त्रिक एकात्मक सामन्तवादभन्दा, विशेषतः जनताका लागि, कम जहरिलो हुँदै गएको छैन । फरक कति मात्र छ भने उसबेला प्रत्यक्ष हुकुमी थियो, यसबेला भूसको आगो झैं !

यद्यपि १ नं. प्रदशेका मुख्यमन्त्री शेरधन राईले 'मिडिया'-हरुमाथि 'नकारात्मक विषयको खोजी गर्ने होडबाजी गरिरहेको' आरोप लगाउनु भएको छ । पुस ३ गते बिराटनगरमा फोटो पत्रकार महासंघको एक कार्यक्रमलाई सम्बोधन गर्दै सो आरोप लगाउनु भएको समाचार यस भेगमा निकै चर्चामा आएको छ । पञ्चायती व्यवस्थाकालमा पञ्चायत र पञ्जायती शासनका कमी-कमजोरी र गल्तीबारे लेखन र बोल्न मनग्गे पाइन्नथ्यो । तर, सत्यका प्रति इमानदार भई आँट गरेर लेखे-बोले देख्नु-सुन्नुपर्ने कर्त्तव्य बोकेकाहरुले तुरुन्त देख्थे-सुन्थे । प्रजातन्त्रोत्तर जे पनि लेख्न-बोल्न पाइने भएकाले राज्यका आँखाले देख्न र कानले सुन्न छाडेको थियो । तर, मुख्यमन्त्री राईको उपर्युक्त कथनबाट अब राज्यले लेखेको देख्न र बोलेको सुन्न थालेको आभास दिएको छ । अतः मुख्यमन्त्री शेरधन राईको उल्लिखित कथनबाट अब राज्यसंस्थापन स्वयम्ले पनि लोकको आवाजतिर ध्यान दिन थालेको प्रतीत गराएको छ । सूचना सेवाले राज्य-संस्थापन लगायत सबैका कमी-कमजोरी र गल्ती-बद्माशी बिरुद्ध खबरदारी गर्ने हो । यसरी गरिएको खबरदारी सुन्नुपर्ने ठाउँले सुनेको वा देख्नुपर्ने ठाउँले देखेको जान्न पाउनु लेख्ने र बोल्नेका निम्ति कसरी सुखद होइन र ?

र, आजलाई बस् यत्ति नै । शेष फेरि–

# प्राविधिक शिक्षाको महत्व

**कमलकान्त ढुंगेल**

फलामे ढोकाको रुपमा लिइएको एसईई परीक्षामा हरेक बर्ष धेरै विद्यार्थीले गणित र विज्ञानमा कमजोर भएकै कारणले कमजोर ग्रेड ल्याउँछन् । नतिजाको केही समयसम्म एसईईको तथ्यांकहरुलाई राम्रोसँग विश्लेषण गरिन्छ र यसो हुनुका पछाडिका कारणहरु पनि केलाइन्छ । तर, गणित र विज्ञान पढ्न इच्छा नराख्ने विद्यार्थिहरुलाई कसरी छान्ने भनेर कमै छलफल भएको होला ।

के विद्यार्थीहरु यी दुई विषयमा कमजोर नै हुन् वा उनीहरुको इच्छा नभएको हो ? कुनै पनि विद्यार्थीले यस क्षेत्रमा केही गर्न सक्छन् । यदि उनीहरु हृदयदेखि नै इच्छुक छन् भने । इच्छुक र प्रविधिमा निपूर्ण विद्यार्थी उत्पादन गर्ने उत्कृष्ट तरिकालाई प्राविधिक शिक्षा भनिन्छ । यो नेपालका लागि एकदमै महत्वपूर्ण छ । किनभने हाम्रो देश अझै पनि विकासको राजमार्गमा राम्रोसँग दौडन सकेको छैन । यो तरिकाको शिक्षाले मात्र देश विकासका लागि दक्ष जनशक्ति दिन सक्छ ।

प्राविधिक शिक्षा भनेको त्यस्तो पाठ्यक्रमको संयोजन हो जसमा विज्ञान, प्रविधि, इञ्जिनियरिङ र गणितलाई सही र इनोभेटिभ तरिकाले मिसाइएको हुन्छ । विश्वलाई नयाँ बाटोमा लैजाने वा भनौं देशलाई विकासको गति दिनका लागि



विज्ञानका यिनै चारवटा आयामहरुको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षाका उत्कृष्ट दर्शनहरु र शिक्षण विधिहरुलाई प्रयोग गरेर यस क्षेत्रमा विद्यार्थीलाई आकर्षित गरिन्छ । यसको मुख्य उद्देश्य भनेको विज्ञानबाट केही लिनका लागि त्यस्ता विद्यार्थीको समूह चाहिन्छ । जो यस क्षेत्रमा स्व उत्प्रेरित छन् र जसले विज्ञानमा आफ्नो जीवन समर्पण गर्ने सामर्थ्य राख्छन् । अनि विज्ञान र प्राविधिक शिक्षा पढाउनुको मूल उद्देश्य भनेको दक्ष शिक्षक उत्पादन गर्नुका साथसाथै एकदमै दक्ष जनशक्ति उत्पादन गर्नु हो जसले विश्वलाई खोज र अनुसन्धानबाट चमत्कारिक नतिजाहरु दिन सकोस् ।

प्राविधिक शिक्षाका फाइदाहरु तलको सरल उदाहरणले आफै बताउँछ- यदि तपाईले अन्तरिक्ष विज्ञान पढ्नु भएको छ भने तपाईलाई मानौं मंगल ग्रहको तापक्रम र अन्य सिद्धान्तका बारेमा थाहा हुन्छ । तर, जबसम्म तपाईसँग इञ्जिनियरिङको ज्ञान हुँदैन तपाईले क्युरिसिटी ( नासाले मंगलमा पठाएको स्वचालित यान) जस्तो मोड्युल वा भनौं स्पेस एप्रोन (अन्तरीक्ष यात्रीले लगाउने लुगा) वा त्यस ग्रहको जानकारी लिने कम्प्युटर मोडेल बनाउन बनाउन सक्नुहुन्न । तसर्थ, यी चारवटा क्षेत्रहरुको एकीकृत अध्ययन अहिलेको २१औं शताब्दीको माग हो । जसले त्यस्तो ठिमाहा जनशक्ति उत्पादन गर्दछ । जुन यस क्षेत्रमा आइपर्ने कुनै पनि पहाडहरुलाई चिर्न सक्छ ।

प्राविधिक शिक्षामा यी चारवटा क्षेत्रहरुलाई छुट्टाछुट्टै नराखी एकीकृत पाठ्यक्रम बनाइन्छ । यसको मुख्य उद्देश्य भनेको यस क्षेत्रमा इच्छुक विद्यार्थी छानेर अनुसन्धानका लागि तयार गर्ने हो । यहाँ विद्यार्थीलाई गणित र विज्ञानका सिद्धान्तहरुलाई इञ्जिनियरिङ र वास्तविक जीवनमा कसरी प्रयोग गर्न सकिन्छ र त्यसबाट कसरी अनुसन्धानात्मक कार्य गर्न सकिन्छ भनेर सिकाइन्छ । अमेरिकामा, यो पद्धति धेरै साना कक्षबाटै शुरु गरिन्छ जसबाट विद्यार्थीको यो क्षेत्रको झुकाव पनि थाहा हुन्छ र उत्कृष्ट विद्यार्थीको समूह तयार गर्न सकिन्छ ।

*(ढुंगेल मोहनमाया मावि बितमोडमा विज्ञान संकायमा आबद्ध छन् ।)*



इलामबाट आयात गरिएको सुन्तला झापा, दमक चोकको थोक बिक्रेता श्रीजंगा ट्रेडर्ससमा झारिँदै । पछिल्ला वर्ष दमकसहित पूर्वका बजारमा नेपाली सुन्तलाले बजार लिँदै गएको ट्रेडर्सका सञ्चालक वर्त सुब्बाले बताए । मंसीरदेखि फागुनसम्म मौसमी सुन्तलाको मुख्य समय मानिन्छ । *तस्वीर : रासस*

# खजुरगाछीका व्यापारीले गरे हुलाकी सडकको विरोध

□ आत्माराम राजवंशी

**गौरीगञ्ज, पुस ९।** गौरीगञ्ज गाउँपालिका अन्तर्गत हुलाकी सडकको निर्माण कार्यको प्रारम्भिक चरण शुरू भएसँगै बजार क्षेत्रका व्यापारीहरुले विरोध जनाएका छन् ।

गौरीगञ्ज गाउँपालिकाले साविक हुलाकी सडकको बीचको विन्दु यकिन गरि दुवैतर्फबाट १५/१५ मिटर नाप लिएपछि बजार क्षेत्रका व्यापारीहरूले विरोध जनाएका हुन् । नेपाल सरकारले हुलाकी सडक निर्माणका लागि एक अर्ब ५० करोड रूपैयाँमा गौरीगञ्जको रतुवा खोलादेखि २९ किलोमिटर पूर्व बाटो निर्माण गर्न ठेक्का लगाएपछि बाटो छुट्याउने कार्य शुरू भएको थियो ।

गौरीगञ्ज गाउँपालिका वार्ड नं. ६ खजुरगाछी बजारको जग्गा करिब पाँच दशकअघि ऐलानी पर्ती थियो । वि.सं. २०२१ सालमा तत्कालीन सरकारले भूमि सुधार लागू भएपछि जमिनदार भीमप्रसाद चौधरीले २५ विगाह एक कट्ठा जग्गा बजार विस्तारका लागि दिएका थिए । समाजसेवी भक्तबहादुर कर्णेल लगायतको अगुवाईमा खजुरगाछी बजार विस्तारका लागि पसलहरू स्थापना गरिएको थियो । व्यापारिक प्रयोजनका लागि पसलका व्यापारीहरूलाई अस्थायी निस्सा अर्थात् पट्टापूर्जा बनाएर तत्कालीन गाउँ पञ्चायतले पसल बहाल कर उठाउँदै आएको थियो ।

तत्कालीन गाउँ पञ्चायतका वडाध्यक्ष पर्वत राजवंशी भन्छन्- 'प्रत्येक पसलहरूसँग पसल हेरी पञ्चायतले कर उठाउने गर्थ्यो ।' वि.सं. २०२४ सालमा तत्कालिन प्रधान पञ्च चैतु राजवंशीले गाउँ पञ्चायत परिषद्बाट निर्णय गरी पसल हेरी एक सयदेखि दुई सय पचास रूपैयाँसम्म कर उठाउने गरेको तत्कालीन वडाध्यक्ष राजवंशीले बताए । 'पसलहरूको क, ख, ग गरी वर्गीकरण गरिएको थियो । प्रधानपञ्च चैतुको पालामा पनि वजारको ऐलानी जग्गा व्यक्तिको नाममा ल्याउन खोजेका थिए केही व्यक्तिले तर प्रधानपञ्च चैतुले त्यस्ता जग्गालाई गाउँ पञ्चायतबाट सिफारिस नदिने निर्णय गरे'- उनले भने ।

वि.सं. २०३६ सालमा गाउँ पञ्चायतका प्रधानपञ्च हिराकाजी श्रेष्ठ थिए । गाउँ फर्क अभियानका समयमा उनले केही व्यक्तिलाई वजारको जग्गाको धनीपुर्जा दिलाएका थिए । त्यसपछि वि.सं. २०३९ सालमा प्रधानपञ्च बाबुराम श्रेष्ठ थिए । उनीपछि गंगा राजवंशी । त्यसपछि गाविस अध्यक्ष प्रकाश शर्मा र श्यामसुन्दर यादव भएका थिए । क्रमिकरूपमा विभिन्न समयमा बजारको ऐलानी जग्गा राजनीतिक पहुँच र पैसाको चलखेलमा व्यक्तिको नाममा दर्ता भयो ।

२०६७ साल असार ३ गते झापाको काँकरभिट्टाबाट प्रकाशित जनसंसद दैनिकमा तत्कालीन गाविस सचिव चन्द्रमोहन सिंह गनगाईले वजारको ऐलानी जग्गा गाविसको नाममा दर्ता गर्न सुकुम्बासी आयोगमा फाइल दिँदा समेत गाविसको नाममा दर्ता हुन नदिएको खुलासा गरेका थिए । केही राजनीतिक दलका व्यक्ति र पैसाको चलखेल भएपछि गाविसको फाइल अगाडि नबढेको जनसंसद दैनिकमा प्रकाशित समाचारमा स्वीकार गरेका छन् ।

उनले भने- 'विभिन्न समयमा बनेका सुकुम्बासी समस्या समाधान आयोगहरूलाई जग्गा दर्ता गरिदिन आग्रह गर्दा पनि अन्तिम चरणमा पुगेर फायल थन्किने गरेको छ । रकम र राजनीतिक आस्थाका आधारमा यहाँको जग्गा दर्ता हुन सकेन । आयोगमा दर्ता हुन नसकेपछि गाविसले नै अस्थायी निस्सा बनाएर पट्टापूर्जा बनाएर व्यापारीहरूलाई दिएको हो ।'

करिब ५० जना व्यापारीहरूलाई जग्गाको अस्थायी निस्सा अर्थात् पट्टापूर्जा बनाई गाविसले कर उठाउँदै आएको थियो । अहिले पनि कतिपय व्यापारीसँग पट्टा पूर्जा नै छ । त्यसैका आधारमा उनीहरू बजारको जग्गा भोगचलन गरिरहेका छन् ।

खजुरगाछी बजारमा बसोबास गर्ने एक पुराना व्यवसायीले भने- 'मसँग पनि जग्गाको पट्टापूर्जा नै छ । धेरै पटक जग्गा दर्ता गर्ने प्रयास गरियो, तर भएन । टाठाबाठाहरूले जग्गा दर्ता गरे । कतिपयले जग्गाधनी पूर्जा बनाई बेचबिखन पनि गरिसकेका छन् ।'

तत्कालीन गाविस अध्यक्ष श्यामसुन्दर यादवको पालामा हालको महेन्द्रनगर वसपार्कको जग्गामा समेत केही व्यक्तिले घर टहरा बनाएका थिए । त्यस जग्गाको पनि तत्कालीन गाविसबाट पट्टापूर्जा बनाई सुकुम्बासी समस्या समाधान आयोगमा फाइल पेश भएको थियो । तर, त्यसको स्थानीयबासीले विरोध गरेपछि फाइल रद्द भएको थियो भने टहराहरू हटाइएको थियो ।

तत्कालीन खजुरगाछी गाविसका पुराना कर्मचारी श्यामनारायण सिंह गनगाईले वि.स. २०२८ सालको फिल्ड बुकमा दिएका पट्टापूर्जाहरू गाउँ पञ्चायतकै नै सम्पत्ति रहने भनी उल्लेख भएको बताए । व्यापारीहरूलाई व्यापारिक प्रयोजनका लागि दिए पनि पछि आवश्यक परे फिर्ता गरी गाउँ पञ्चायतले खाली गराउन सक्ने भनी गाउँ पञ्चायतको निर्णय समेत रहेको तत्कालीन गाउँ पञ्चायतका निर्णयका पुस्तिकाहरूमा पढेको पुराना कर्मचारी गनगाइले बताए । हाल उनी रिटायर्ड भइसकेका छन् ।

गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठले गाउँपालिकाको काम कर्तव्य र अधिकारको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने भनी स्पष्ट व्यवस्था रहेको बताए । गाउँपालिकाले चाहेको बखतमा उक्त जग्गाहरू यकिन गरी फिर्ता लिन सक्ने बताए ।

## गाजाबारीमा ख्रिष्टमस



**अर्जुनधारा, पुस ९।** येशु ख्रिष्टको जन्मजयन्ती एवम् क्रिसमस पर्वको अवसरमा झापाको अर्जुनधारा-२ गाजाबारीमा रहेको ख्रिष्टियन जागृती मण्डलले धार्मिक तथा मनोरञ्जनात्मक कार्यक्रम सम्पन्न गरेको छ ।

मण्डलीका पास्टर प्रेम उपरकोटीको अध्यक्षता र अर्जुनधारा नगर प्रमुख हरिकुमार रानाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । भारतको नागाल्याण्ड निवासी पास्टर राजु लामाले येशु ख्रिष्ट र क्रिसमस पर्वको विषयमा धार्मिक प्रवचन दिएको कार्यक्रममा मण्डलीका कलाकारहरुले विभिन्न भजन तथा नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नगर खेलकुद विकास समितिका संयोजक अर्जुन मेचे, नगर कला, साहित्य, संस्कृती संयोजक सुशिला सुवेदी, नगर सभा सदस्य बलबहादुर समाल, बुद्धशान्ति गाउँ सभा सदस्य रोहित तोलाङ्गे, समाजवादी पार्टी प्रदेश कमिटी सदस्य गौरीमान राई, युवा संघ केन्द्रीय सदस्य प्रत्युस राना, शान्ति सामुदायिक वन उपभोक्ता समूहका वरिष्ठ उपाध्यक्ष रुपनारायण समाल लगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको सञ्चालन कलाकार मनोज उपरकोटीले गरेका थिए ।

## बाटोमा मृत अवस्थामा फेला

**तेह्रथुम, पुस ९।** तेह्रथुमको छथर गाउँपालिका-६ का ५० बर्षीय लिलम लम्जेल छथर गाउँपालिका-५ को बाटोमा मृत फेला परेका छन् ।

घरबाट शुक्रबारे बजारतर्फ हिँडेका लम्जेल छथर गाउँपालिका-५ को सुदाप जाने बाटोमा मृत फेला परेका हुन् ।

शुक्रबारे बजारमा अत्याधिक मादकपदार्थ सेवन गरेर घर तर्फ हिँडेका लम्जेल बाटोमा नै सुतेको र चिसोका कारण मृत्यु भएको हुन सक्ने स्थानीयबासीहरुले बताएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ । सो सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# विश्व कम्युनिष्ट आन्दोलनमा माओत्सेतुङको योगदान

तीर्थराज खरेल

आज डिसेम्बर २६ तारिख । आज चीन लगायत विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरुले कमरेड माओको १२७औं जन्मजयन्ती बढो धुमधामका साथ मनाउन गइरहेका छन् र माओका योगदानहरुको रक्षा गर्ने प्रण गर्दै तथा माओद्वारा प्रतिपादित विचार र सिद्धान्तलाई संसार बदल्ने वैचारिक हतियारको रुपमा आत्मसात गर्ने कटिबद्धता जाहेर गरिरहेका छन् ।

आजको दिन विश्व क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको निम्ति एक ऐतिहासिक दिन हो । आजकै दिन अर्थात् सन् १८९३ डिसेम्बर २६ तारिखका दिन विश्व सर्वहारावर्गका महान नेता तथा चिनियाँ कम्युनिष्ट पार्टीका प्रमुख संस्थापक कमरेड माओत्सेतुङको एक मध्यमवर्गीय किसान परिवारमा जन्म भएको थियो । माओका योगदानलाई विचारधारा वा वादको रुपमा मान्ने वा नमान्नेमा विश्व कम्युनिष्ट आन्दोलनमा विवाद छ । तर, उनका योगदानलाई विश्वको क्रान्तिकारी आन्दोलनमा अत्यन्तै महत्वपूर्ण सन्दर्भ सामग्रीका रुपमा सबैले स्विकारेका छन् । उनी एक महान् क्रान्तिकारी र राजनीतिक रणनीतिकार हुन् । माओले आफ्ना नीति र कार्यक्रमका माध्यमले वर्तमान चीनको आर्थिक, प्रविधि एवम् सांस्कृतिक विकास तथा पिछडिएको देशलाई संसारको प्रमुख शक्तिको रुपमा खडा गराउन गतिलो भूमिका निभाएका छन् । उनी कवि, दार्शनिक, दूरदर्शी प्रशासकको रुपमा मानिन्छन् । तर, उनका सामाजिक तथा राजनीतिक कार्यक्रमहरु महान छलाङ र महान सर्वहारा सांस्कृतिक क्रांतिको कारण चिनियाँ समाज, अर्थव्यवस्था तथा संस्कृतिलाई समेत हानी पुरयाएको कुरामा उनको आलोचना गर्ने पनि ठूलो संख्या छ संसारमा ।

सन् १९४९ देखि १९७५ सम्म करोडौं मानिसहरुको व्यापक मृत्यु र हत्या भएको कम्युनिष्ट विरोधीको प्रचार अहिले पनि छ, तर यसको स्वतन्त्र पुष्टि कतै पनि छैन । च्याङकाईशेकको नेतृत्वको अर्धसामन्ती, अर्धपूँजीवादी व्यवस्था र अमेरिकी तथा जापानी साम्राज्यवादको दबदबाविरुद्धमा अढाइ दशक लामो दीर्घकालीन जनयुद्धको बलमा पेकिङ्गको तियनम्यान स्क्वाएरमा हँसिया-हतौडा झण्डा फर्फराउन सफल भए चिनियाँहरु । त्यसका लागि सर्वहारावर्गका नेता माओत्सेतुङलाई आज पनि चिनियाँहरु श्रद्धाका साथ स्मरण गर्छन् ।

संसारकै सबभन्दा शक्तिशाली राष्ट्र बन्ने बाटोमा चीन अघि बढिरहेको परिप्रेक्ष्यमा निकटतम् छिमेकी भएर नेपालले आफ्नो प्रगतिका लागि केही न केही सिक्न आवश्यक छ । सिक्नु भनेको अन्धानुकरण होइन, सृजनशीलतासहितको आफ्नो परिवेश अनुसारको हुनु आवश्यक छ । विश्वविजयको सपना देख्ने फ्रान्सेली सैनिक शासक नेपोलियन बोनापार्टले एकपटक चीनको बारेमा भनेका थिए- 'चीन निदाएको बाघ हो, त्यसलाई नचलाऊ, यो जाग्यो भने सारा संसारलाई हल्लाइदिन्छ ।' सम्राट नेपोलियनको यो भविष्यवाणी आज प्रमाणित भएको छ । चीनले आर्थिक विकासमा गरेको प्रगतिले संसारलाई चकित बनाएको छ । आजसम्मको मानव जातिको इतिहासमा यति ठूलो मात्रामा पुँजी लगानी गरी आर्थिक उन्नति गरेको कमै पाइन्छ ।

विद्यालय, अस्पताल, सड़क, रेलवे, हवाई अड्डा, पुल, बंदरगाह, गगनचुम्बी महलहरु, कलकारखाना, यातायात, प्रविधि, पार्क, नयाँ शहर निर्माण, कृषि लगायतका क्षेत्रमा चीनले गरेको प्रगति र अघि सारेका महत्वाकांक्षी योजनाहरु हेर्दा उसले अपूर्व, प्रभावशाली र अनुशरणीय उन्नति गरेको प्रष्टिन्छ । यी सबै कामहरु कसरी सम्भव भए भनेर आज हामी नेपालीले सकारात्मक भावका साथ चिन्तन मनन गर्नु जरुरी छ । चीन कल्पनातीत मात्रामा आफ्नो सारा क्षमताका साथ अभूतपूर्व



सन्दर्भ : १२७औं माओ जयन्ती

सफलतासहित अगाडि बढिरहेको अवस्थामा नेपाल पनि विश्व परिवेश अनुरुप नयाँ-नयाँ योजनाका साथ अघि बढ्नु जरुरी छ । प्रश्न नेपाली नेताहरुले चीनबाट के ल्याए वा चीनले नेपाललाई के दियो भन्ने होइन, दुःखको कुरा मगन्ते दृष्टिकोणका आधारमा हामी सोचिरहेका छौं ।

मूल कुरा के हो भने जनता नै इतिहासका निर्माता हुन् भन्ने भावलाई आत्मसात गर्दै मुक्ति, न्याय र समानताको अभिप्रेरणा प्रदान गर्ने चीन अहिले संसारका साम्यवादी र गैरसाम्यवादी सबै मुलुकका लागि भरोसायोग्य राष्ट्रको रुपमा उभिन सफल भएको छ । सात दशकअघि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेको चीनको प्रगति सबैका लागि अनुकरणीय रहेको छ आज । सन् १९२१ मा छन् त श्यूको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीको स्थापना गरिएको र स्थापनापछि कम्युनिष्ट पार्टीले राष्ट्रवादी मानिएको कुओमिन्ताङसँग सहकार्य शुरु गरेको थियो । तर, कुओमिन्ताङका संस्थापक प्रजातन्त्रवादी नेता सन यात्सेनको सन् १९२५ मा मृत्यु भएपछि कुओमिन्ताङ जमिन्दार, सामन्त, ठूला-ठूला पुँजीपति र प्रतिक्रियावादीहरुको पक्षपोषण गर्ने जनविरोधी प्रतिगामी गुटमा परिणत भयो । चिनियाँ कम्युनिष्ट पार्टीले सन् १९२४ देखि १९२७ सम्म पहिलो पटक, सन् १९३१ मा दोस्रो पटक र सन् १९३७ मा तेस्रो पटक पार्टीको लक्ष्य प्राप्त गर्न ठूला अभियान सञ्चालन गर्‍यो ।

माओत्सेतुङले गाउँबाट शहर घेर्ने फौजी कार्यनीतिहरुको सफल ऐतिहासिक प्रयोग गर्दै वर्ग संघर्ष सम्बन्धी मार्क्सवादी प्रस्थापनाहरुलाई चिनियाँ वर्ग अन्तर विरोधपूर्ण समाजमा मौलिक ढंगले माथिल्लो उचाइबाट संश्लेषण गरे । वस्तुगत सामाजिक धरातलमा ऐतिहासिक सम्भावनाको मर्मसहित समग्र कार्यदिशा, कार्यनीति र रणनीतिहरु अख्तियार गरेर मात्र चीनमा क्रान्ति सम्पन्न भएको हो । दक्षिणपन्थी विसर्जनवाद, अवसरवाद, वामपन्थी दुस्साहसवाद, वामपन्थी जडसूत्रीय तथा हुकुमपन्थी प्रवत्ति तथा चिन्तनका विरुद्ध संघर्ष गर्दै सही र वस्तुवादी राजनीतिक कार्यदिशाकै कारण चीनले दासताबाट मुक्ति पाएको हो । सन् १९४९ अक्टुबर १ मा नयाँ जनवादी राज्यव्यवस्था स्थापनाको घोषणा गर्दै माओले क्रान्ति सम्पन्न नभएको क्रान्तिको प्रारम्भ भएको बताएका थिए । उनले भ्रष्टाचार, फजुलखर्ची र नोकरशाही ढिलासुस्तीका विरुद्धमा लाग्ने र घुसखोरी, कर भुक्तानीमा धोखाबाजी, राज्यसम्पत्तिको चोरी, सरकारी ठेक्कामा छलकपट, राज्यको सूचनाको चोरी जस्ता अपराधलाई कडाइका साथ नियन्त्रण गरिने बताएका थिए ।

उनले उत्पादन बढाउने काम जनताको मात्र नभएर पार्टी कार्यकर्ता र सेनाको पनि भएकोमा जोड दिएका थिए । बुर्जुवा उदारवादी र संशोधनवादी धाराविरुद्ध कडा संघर्षकै क्रममा समाजवादी समाज निर्माण गर्ने कि सुधारसहितको पुँजीवादी निर्माण गर्ने सबालमा घनीभूत अन्तर संघर्ष भएको थियो । १९५८ देखि १९६१ सम्म माओको नेतृत्वमा महान अग्रगामी छलाङ सम्पन्न गरियो र त्यसका लागि मुख्यतः तीव्र औद्योगिकीकरण र ठूला-ठूला कम्यून खेतीको विस्तारलाई जोड दिइएको थियो । त्यसैगरी सन् १९६६ देखि १९७६ सम्म महान सर्वहारा सांस्कृतिक क्रान्ति सम्पन्न भयो, जसले समाजवाद निर्माणको दिशामा चीनलाई दृढतापूर्वक डोर्‍यायो ।

माओले पटक-पटक पार्टीभित्र र बाहिर निम्न पुँजीवादी चिन्तन अनुभववाद, ढुलमुले दक्षिणपन्थी मध्यपन्थी प्रवृत्ति मनोगतवाद, संकीर्णतावाद, तीव्र वा शीघ्र विजय वा परिवर्तनको आशा, क्रान्तिकारी लफ्फाजी, क्षेत्रवाद, आत्मकेन्द्रित व्यक्तिवाद, नोकरशाही कुलीनवाद जस्ता सबै गैरक्रान्तिकारी प्रवृत्तिविरुद्धमा निर्मम संघर्ष गरेका थिए र माओले आजको चीनको आधुनिकीकरणको जग बसाएका थिए ।

चीनले छोटो समयमा तीव्र आर्थिक विकासको संसारसामु उदाहरण पेश गर्‍यो । १९५० को दशकमा माओका मुख्य सहयोगी रहेका देङले शुरु गरेका १९७८ पछिका सुधारका कारण चिनियाँ समाजको मानसिकतामा व्यापक परिवर्तन आएको छ । देशको सामाजिक, राजनीतिक र आर्थिक स्थिरताका लागि सुधारको मुख्य भूमिका रहेको छ । चीनले विकासको क्षेत्रमा आफ्नो गति अर्थशास्त्रका सिद्धान्तले पनि राम्ररी व्याख्या गर्न सहज नहुने गरी संसारलाई चकित बनाउने गरी बढाइरहेको छ, अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा विकास हुन चाहिरहेको नेपालका लागि यो विशिष्ट उदाहरण हुनसक्छ । उद्यमशीलता र दूरदर्शितासहित चीन प्रतिष्पर्धात्मक संसारमा अब्बल सावित हुँदै आफ्नो बजार विस्तारमा लागीरहेको छ । चीनबाट आर्थिक विकासका विविध क्षेत्रमा सहयोगका साथमा हामीले सिक्ने बढी हो । मुलुकमा दिगो र दीर्घकालीन विकास गर्न सक्दा मात्र भविष्यमा मगन्ते अर्थतन्त्रबाट मुक्त संस्कृतिको विकास गर्न सकिन्छ । चिनियाँ विशेषतासहितको समाजवादी राज्यको निर्माणमा वर्तमान राष्ट्रपति सि जिन पिङको नेतृत्वमा चीन अघि बढिरहेको छ ।

समाजवादी राजनीतिक ढाँचामा लोकतन्त्रको आयामहरु थपेर जनताको सुख र स्वतन्त्रतालाई सँगसँगै लैजाने नितान्त नवीन चिन्तन र प्रयोगको बाटोबाट अघि बढिरहेको चीनबाट आर्थिक, भौतिक, वैचारिक क्षेत्रमा हुन सक्ने सहयोग लिन आवश्यक छ र नेपाललाई भू-परिवेष्ठित मुलुकको रुपमा रहेको भन्दै निराशासहितको कुण्ठाबाट मुक्ति पाउन जरुरी छ । दुवै छिमेकी मुलुकसँग समदुरी, समहैसियत र सम्भावका साथ मित्रताको डोरीमा बाँधिन आवश्यक छ । दुई विशाल क्षेत्रफलमा फैलिएका विश्वशक्तिका रुपमा उदाइरहेका मुलुकहरु चीन र भारतकाबीचमा रहेको नेपाल अनन्त सम्भावनाका बाबजुद पनि अझै पनि अविकसित देशको सूचीमा रहनुपरेको छ । यो दुःखद् कुरा हो । तीनतिर भारत र उत्तरतिर चीन रहेको वास्तविकतालाई हृदयले स्वीकारे पनि व्यवहारमा दुई देशका असल अभ्यासबाट सिकेर ती शिक्षाहरुलाई नेपाली माटोमा निःस्वार्थ भावका साथ लागू गर्ने प्रयत्नको अभावबाटै नेपाल विकसित हुन नसकेको यथार्थ हो । माओले विश्व कम्युनिष्ट आन्दोलनमा गरेका दीर्घकालीन जनयुद्ध, सर्वहारा सांस्कृतिक आन्दोलनका सकारात्मक पक्षहरु र जनताको साथमा जनवाद र केन्द्रीयताको सन्तुलनबाट समाजवादी राज्यव्यवस्था स्थापनाको पहल गरिनुपर्ने सोच र विचार सबैका लागि अनुकरणीय छन् ।

*tirthakharel2028@gmail.com*

## कस्तो होला 'सेल्फी किङ' ?



अभिनेता विपीन कार्की फिल्म छनौटमा चुजी मानिन्छन् । उनलाई फिल्ममा साइन गराउन मेकरलाई ठूलो संघर्ष गर्नुपर्छ । स्क्रिप्ट र आफ्नो भूमिका राम्रो नलागेसम्म उनी फिल्ममा हात हाल्दैनन् । हरेक फिल्ममा भिन्न चरित्र र जुनसुकै भूमिकामा जीवन्त अभिनय गर्ने अभिनेताको पहिचान बनाएका उनलाई अझै पनि धेरैले असली नामभन्दा फिल्ममा निभाएको पात्रमार्फत चिन्ने गर्दछन् ।

असली नामभन्दा पात्रमार्फत चिनिनु एक कलाकारका लागि ठूलो सफलता हो । यस अर्थमा विपीन सफल अभिनेताको कोटीमा दरिइसकेका छन् । हिरोको पुरानो मानक भत्काएर जबर्जस्त रुपमा नेपाली फिल्ममा प्रवेश गरेका विपिनलाई 'छड्के' को विन्दू माझी, 'ताण्डव' को रक्साहा ड्राइभर, 'सुन्तली' को चोर र 'पशुपतिप्रसाद' को भष्मे डन चरित्रले ठूलो मासमा चिनाएको थियो ।

हरेक फिल्म र हरेक चरित्रमा भिन्न अवतारमा पदार्पण हुने विपिन पछिल्लो पटक फिल्म 'जात्रैजात्रा' मा देखिएका थिए । यो फिल्म जबर्जस्त हिट भयो । यसपछि उनी पर्दामा देखिएकी छन् । आउँदो माघ २४ गते उनको प्रमुख भूमिका रहेको फिल्म 'सेल्फी किङ' प्रदर्शनमा आउँदैछ । विशाल सापकोटाको डेब्यू निर्देशनमा बनेको यस फिल्ममा उनी हाँस्यकलाकारको भूमिकामा छन् ।

हालसालै सार्वजनिक भएको पोस्टर र टिजरमा देखिएको अभिनेता विपिनको भिन्न अवतारले फिल्मप्रति दर्शकमा कौतुहलता जागृत गरेको छ । कतिपयले भने यसलाई हलिउड फिल्म 'जोकर' बाट प्रभावित भएर निर्माण भएको आरोप लगाएका छन् । किनकि, 'सेल्फी किङ' मा अभिनेता विपिनको हुलिया हलिउड फिल्म 'जोकर' का अभिनेता वाकिन फिनिक्ससँग मिल्दोजुल्दो छ ।

तर, निर्माण टिमले कुनै फिल्मबाट प्रभावित भएर 'सेल्फी किङ' निर्माण नभएको दाबी गर्दै आएको छ । दर्शकको अनुमान सत्य सावित होला या निर्माण टिमले गरेको दाबी, त्यसका लागि भने माघ तेस्रो हप्तासम्म प्रतिक्षा गर्नैपर्ने हुन्छ । एक हाँस्य कलाकारले कला यात्राको दौरान आफूले पाएको सफलता र व्यक्तिगत जीवनबीचको सन्तुलन मिलाउन गर्ने संघर्षको कथा फिल्मले भन्छ ।

यसबीच, निर्माण टिमले विपीनको क्यारेक्टर तस्विर सार्वजनिक गरेको छ । जसमा उनलाई दर्शकसँग सेल्फी खिच्दै गरेकोदेखि जोकर हुलियामा डाक्टरसँग चर्काचर्की गर्दै गरेको देख्न सकिन्छ । त्यस्तै, एक तस्वीरमा उनी पानी तान्ने मेशिन बनाउँदै देखिएका छन् । अर्को एक तस्वीरमा आमाको भूमिकामा रहेकी भुवन चन्दलाई विपीनको टाउकोमा तेल लगाउँदै गरेको देख्न सकिन्छ ।

ड्रामेडी जनरामा निर्माण भएको फिल्ममा विपिन र भुवनका अलावा लक्ष्मी बर्देवा, अभय बराल, लोकमणि सापकोटा, सविन बाँस्तोला, जीवन भट्टराई, कमल देवकोटा लगायतका कलाकारको अभिनय छ । गत वर्षको व्यवसायिक र समीक्षात्मक रुपमा सफल फिल्म 'प्रसाद' का निर्देशक दिनेश राउतले यही फिल्मका निर्माता सुवास थापासँग मिलेर यो फिल्मको निर्माण गरेका हुन् ।